का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ मंसिर २०८०,
शुक्रबार
24 November 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २८९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रसाईंले पाएको आँट

**बिहीबारको आन्दोलनमा दुई फरक समूहका समेत गरेर १६ हजारभन्दा बढी प्रदर्शनकारी सहभागी भएको सुरक्षा निकायको रिर्पोट छ । प्रहरी स्रोतका अनुसार बल्खुमा आयोजित दुर्गा प्रसाईंको कार्यक्रममा ९ हजारभन्दा बढी प्रदर्शनकारी सहभागी थिए ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

दुर्गा प्रसाईं समूहले व्यवस्था परिवर्तन नभएसम्म आफूहरुको आन्दोलन नरोकिने बताएको छ । बिहीबारको प्रदर्शनपछि पत्रकार सम्मेलन गर्दै प्रसाईंले आन्दोलन व्यवस्था परिवर्तनकै लागि भएको बताए । आफूहरुको आन्दोलन केवल आन्दोलन मात्रै नभएर जनविद्रोह नै भएको उनले जिकिर गरे ।

प्रसाईं समूहले बिहीबार राजधानीको बल्खु क्षेत्रमा प्रदर्शन गरेको थियो । शुक्रबार भने आफूहरु तीनकुनेमा बिहान ११ बजे जम्मा भएर सिंहदरबार जाने प्रसाईंले बताए । उनले व्यापारी, टिपर चालक, ट्याक्सी चालकलगायत सर्वसाधारणलाई प्रदर्शनमा सहभागी हुन आह्वान गरे ।

बिहीबारको आन्दोलनमा दुई फरक समूहका समेत गरेर १६ हजारभन्दा प्रदर्शनकारी सहभागी भएको सुरक्षा पृष्ठ २ मा



# महेश बस्नेतको लाइनमा एमाले



बिहीबार काठमाडौंको तीनकुनेमा नेकपा एमालेको भ्रातृ संगठन युवा संघको ब्यानरमा पनि प्रदर्शन भयो । प्रदर्शनको नेतृत्व युवा संघ इन्चार्जसमेत रहेका एमाले नेता महेश बस्नेतले गरेका थिए । राजनीतिक विश्लेषकहरुका अनुसार नेकपा एमालेको जीवनमा बिहीबारको प्रदर्शन अर्थपूर्ण छ ।

किनभने यो प्रदर्शन महेश बस्नेत र मेडिकल व्यावसायी दुर्गा प्रसाईंको व्यक्तिगत टकरावका कारण उत्पन्न भएको थियो । नेताहरुका अनुसार बस्नेत समर्थक कार्यकर्ताले प्रसाईंलाई मोसो दलेपछि प्रसाईंका समर्थकले बस्नेत समर्थकका गाडी नै तोडफोड गरिदिएका थिए । यो तुषबाट शुरु भएको एक अर्को विरुद्धका अभिव्यक्तिको शक्ति प्रदर्शन बिहीबार काठमाडौंमा भएको हो ।

एक हिसाबले व्यक्तिगत टकरावको कारण उत्पन्न भएको विरोध प्रदर्शनमा सिंगो एमाले एकढिक्का भयो । एमाले अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेल लगायतले आन्दोलन आवश्यक भएको र युवा संघको ब्यानरमा विद्यार्थीहरु, कार्यकर्ताहरु सहभागी हुने निर्देश गरेका थिए । बिहीबारको प्रदर्शनमा केही केन्द्रीय नेताहरु समेत सहभागि भएका थिए ।

एमालेका एक नेताका अनुसार दुर्गा प्रसाईंको प्रतिवादमा सिंगो एमाले उत्रिएको सन्देश जाने र व्यक्तिको पछाडि पार्टी लाग्न आवश्यक नरहेको भनी रोक्न खोजेका थिए । तर, एमाले अध्यक्ष ओली र बस्नेतको निकटताका कारण बस्नेतले सिंगो एमाले पार्टीलाई लतारे र दुर्गा प्रसाईंको प्रतिवादमा प्रदर्शनमा उतारे ।

प्रदर्शनका क्रममा एमाले पोलिट्ब्यूरो सदस्य समेत रहेका युवा संघका इन्चार्ज महेश बस्नेतले पार्टीलाई आफ्नो लाइनमा ल्याउन सफल भएको उन्मादमा दुर्गा प्रसाईंको चर्को आलोचना गरे । प्रसाईंलाई ठिक ठाउँमा बस्न चेतावनी दिए ।

उनले साम्राज्यवादीहरूका कारण नेपालमा अस्थिरता, कुशासन र भ्रष्टाचार मौलाइरहेको बताए । साथै उनले साम्राज्यवादीहरुले मुलुकलाई प्रयोगशाला बनाउन लागिएको बताए । 'नेपाललाई प्रयोगशाला बनाउन मगज खुस्केको अपराधी दुर्गा प्रसाईंलाई अगाडि बढाइरहेका छन्, बस्नेतले भने, 'आज दुर्गा प्रसाईँले मयुरको प्वाँख हालेर राजा घोषणा गर्ने कार्यक्रम युवा विद्याथीहरूले हावा खुस्काइदिनुभयो ।' नेता बस्नेतले प्रसाईं समाप्त भएको घोषणा समेत गरे । उनले आफ्नो कार्यक्रम बाघ र दुर्गा प्रसाईंको कार्यक्रम कुकुरजस्तो भएको प्रमाणित भएको दाबी गरे । उनले प्रसाईंलाई पूर्व राजाको भूतको संज्ञा दिए ।

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय सभा चुनाव माघ ११ गते

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

राष्ट्रिय सभाको चुनाव आगामी माघ ११ गते हुने भएको छ । १९ सिटका लागि हुन लागेको चुनावका सम्बन्धमा बिहीबार निर्वाचन आयोगका पदाधिकारीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर माघ ११ मा चुनव गर्न परामर्श दिएका हुन् ।

आयोगको सुझावपछि प्रधानमन्त्री प्रचण्डले माघ ११ गते नै चुनाव गर्ने गरी मन्त्रिपरिषदले चुनावको मिति तोक्ने आश्वासन दिएका छन् । आयोगका प्रवक्ता शालिग्राम पौडेलका अनुसार आयोगका सिफारिस र प्रधानमन्त्री प्रचण्डको भनाइअनुसार फागुन २० गते कार्यकाल सकिने सदस्यको रिक्तता पूरा गर्न माघ दोस्रो सातामै चुनाव हुने करिब निश्चित भएको छ ।

राष्ट्रियसभा चुनावका लागि प्रदेश प्रदेशका प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख उपप्रमुख, अध्यक्ष उपाध्यक्ष रहेको निर्वाचक मण्डलले मतदान गर्ने संवैधानिक व्यवस्था छ । यसपटक उनीहरुको मतभार बढेर ५३ र १९ भएको छ ।

कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाको गठबन्धन कामय रहँदा एमालेले सातै प्रदेशमा चुनावमा कमजोर देखिन्छ । रिक्त हुने १९ मध्ये आठ जना एमालेबाट निर्वाचित सदस्यहरुको कार्यकाल सकिँदै छ ।

कार्यकाल सकिन लागेकामा कांग्रेसका चार, माओवादी केन्द्रका तीन, एकीकृत समाजवादीका दुई तथा जसपा, स्वतन्त्र र मनोनीत एक-एकजना छन् । एमालेबाट निर्वाचित भएर राष्ट्रियसभाको अध्यक्ष बनेका गणेश प्रसाद तिमिल्सिनाको पनि ६ वर्षे कार्यकाल सकिँदै छ । उनले २०७४ सालमा गोलाप्रथाबाट ६ वर्षे कार्यकाल पाएका थिए । उनीसँगै एमालेबाट निर्वाचित आठ जनाको पदावधि सकिन लागेको हो । तिमिल्सिनासँगै एमालेका सांसदहरु इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राईको कार्यकाल सकिँदैछ ।

> एमालेबाट निर्वाचित भएर राष्ट्रिय सभाको अध्यक्ष बनेका गणेश प्रसाद तिमिल्सिनाको पनि ६ वर्षे कार्यकाल सकिँदै छ । उनले २०७४ सालमा गोलाप्रथाबाट ६ वर्षे कार्यकाल पाएका थिए ।

नेपाली कांग्रेसबाट निर्वाचित अनिता देवकोटा, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र रमेशजंग रायमाझीको कार्यकाल पनि फागुन २० मा समाप्त पृष्ठ २ मा

## गुरुमाथि कुटपिट गर्नेहरु दोषी ठहर
# उपप्राध्यापक चलाउनेले पाए न्याय



> मैले ढिलै भएपनि न्याय पाएको छु । ममाथि जुन ढंगले सांघातिक आक्रमण भयो, अरु कसैले यस्तो पीडा भोग्नु नपरोस् ।
>
> **प्रेमबहादुर चलाउने**
> **उपप्राध्यापक**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम बहादुर चलाउनेमाथि कुटपिट गर्नेहरु दोषी ठहर भएका छन् । काठमाडौं जिल्ला अदालतले दोषीहरुलाई जनही दुई वर्षको कैद सजाय सुनाइएको छ । न्यायाधीश विनोद खतिवडाको इजलासले कुटपिटमा संलग्न र कुटपिट गर्न लगाउने सबैलाई सजाय र जरिवानाको फैसला सुनाएको हो ।

उक्त मुद्दा २०७७ कात्तिक २० गते काठमाडौं जिल्ला अदालतमा ज्यान मार्ने उद्योगमा दर्ता भएको थियो । जसमा अदालतले ज्यान मार्ने उद्योग नभई कुटपिट र अंगभंगमा दोषी ठहर गरेको हो । घटनामा संलग्नमध्ये मुख्य योजनाकार मानिएका हरि आचार्य, सह योजनाकार योगेन्द्र रावल तथा कुटपिटमा संलग्नहरु रुपेश साह, रविनकुमार लामा, निरज रानामगर र सयुज श्रेष्ठलाई जनही दुई वर्ष कैद र पीडित उपप्राध्यापक प्रेम बहादुर चलाउनेलाई उपचारमा लागेको खर्चबापत २८ लाख १७ हजार ५९३ रुपैयाँ क्षतिपूर्ति भराउने फैसला भएको छ । प्रतिवादीहरुलाई जनही २० हजार रुपैयाँ जरिवानाको फैसला भएको छ । घटनामा सहयोगी रहेका भनिएका दिपकराज ओझाले भने सफाइ पाएका छन् ।

प्रेम बहादुर चलाउनेको जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले उनीहरुविरुद्ध पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कात्तिकमा वैदेशिक रोजगारमा जानेको संख्यामा गिरावट

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ मंसिर

असोजको तुलनामा कात्तिक महिनामा वैदेशिक रोजगारमा जाने नेपाली कामदारको संख्यामा करिब आधाले कमी आएको छ । कात्तिक महिनामा नेपालीका मुख्य चाडपर्व दशैं, तिहार र छठजस्ता पर्व परेका थिए । कात्तिक महिनामा असोजमाभन्दा म्यानपावर कम्पनीमार्फत करिब ९ हजार र नवीकरण तथा वैदेशिक रोजगारका लागि दिइने सबै प्रकारका श्रम स्वीकृतिमार्फत जानेको संख्या १३ हजार बढीले कम रहेको छ । कात्तिकमा म्यानपावर कम्पनीमार्फत १८ हजार १ सय २५ जनाको श्रम स्वीकृति भएको छ । अन्य प्रक्रियाबाट ४३ हजार ६ सय २२ जनाको श्रम स्वीकृति भएको छ ।

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको प्रगति प्रतिवेदनअनुसार कात्तिक महिनामा सबैभन्दा धेरै अघिल्ला महिनाहरूमा जस्तै यूएईमा नेपाली कामदारहरु गएका छन् । कात्तिक महिनामा यूएई जान ५ हजार ८ सय ६६ जनाले पृष्ठ २ मा

## सपोर्ट ह्युमन शीर्ष स्थानमा

**काठमाडौं/मस–** कात्तिक महिनामा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा सपोर्ट ह्युमन रिसोर्स प्रा.लि. रहेको छ । उक्त प्रा.लि.ले कात्तिक महिनामा करिब चार सय कामदारको श्रम स्वीकृति लिएको छ । यस्तै कात्तिक महिनामा धेरै कामदार पठाउने दोस्रो म्यानपावरमा वाईड स्पेस इन्टरनेशनल प्रा.लि. र तेस्रोमा नील कमल ह्युमन रिसोर्स प्रा.लि. रहेको छ । पृष्ठ २ मा

म्यानपावरको लागि कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि केही कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष तथा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र साथ यथाशिघ्र सम्पर्क गर्नुहोला ।

| सि.नं. | पद | संख्या |
|---|---|---|
| 1 | Public Relation Officer (PRO) | 3 (Male) |
| 2 | International Correspondence Officer | 1 (Female) |

❖ सि.नं. १ को लागि सम्बन्धित काममा कम्तिमा २ बर्षको अनुभव भएको हुनुपर्ने छ ।
❖ माथि उल्लेखित दुबै पदको तबल आपसी सहमतिमा तय गरिने छ ।

GSO Grand Shikhar Overseas P. Ltd.
Govt. Lic. No. 756/064/65
Lazimpat-2, Kathmandu, Nepal
Tel. 01-4516940 (6 Lines)
www.grandshikhar.com

युएईमा पुरुषहरूलाई रोजगारको अवसर

कम्पनी: MAYAR FACILITIES MANAGEMENT LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०८/०६ — चलानी नं.: ६०२१०३७८ — LT. No.: 294971

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 800 | २८,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर १५ गते (1 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९
01 -4960576| 9810101810 | 9813916322. Email: futurestarmp397@gmail.com
Jhapa Birtamod :- 023-543784 | 9816915286 | 9823145954, Pokhara: 061-591418 | 9805827782 | 9869840881

साथै यसै कम्पनीको लागी Manager - 1 (M/F), Office Secretary - 2 (F), Documentation - 3 (F), PRO - 6 (M/F) को आवश्यकता रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

# नेपाली सेनाका रथी पाण्डे र ऊर्जा सचिव घिमिरेको राजीनामा स्वीकृत



**काठमाडौं/मस–** सरकारले नेपाली सेनाको उपरथी ताराध्वज पाण्डे र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेको राजीनामा स्वीकृत गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बिहीबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले उपरथी पाण्डेको राजीनामा गत कात्तिक २४ गतेदेखि लागू हुने गरी स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

उपरथी पाण्डेले व्यक्तिगत कारण दर्शाई आफ्नो पदबाट राजीनामा दिएका थिए । यस्तै ऊर्जा सचिव घिमिरेले पनि व्यक्तिगत कारण देखाउँदै पदावधि सकिनु एक महिना अगावै राजीनामा दिएका हुन् । बैठकले विद्युतीय सुशासन आयोगको सदस्य पदमा कञ्चनपुरका पूर्णबहादुर कुँवरलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता शर्माले जानकारी दिइन् ।

बैठकले प्राविधिक शिक्षाको क्षेत्रमा स्वीट्जरल्याण्ड सरकारले प्रदान गर्ने स्वीस फ्रयांक चार दशमलव४६५ मिलियन (करिब रु ६५ करोड) अनुदान स्वीकृत गर्ने निर्णय गरेको छ ।

यसैगरी बैठकले सुनको अवैध तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको माग बमोजिम प्राविधिकसहितका चार जनशक्ति थप गर्ने निर्णय गरेको जनाइएको छ ।

# उच्च अदालतका मुख्य न्यायाधीशले लिए शपथ



**काठमाडौं/मस–** प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले उच्च अदालतका नवनियुक्त मुख्य न्यायाधीशहरूलाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।

सर्वोच्च अदालतमा बिहीबार आयोजित समारोहमा प्रधानन्यायाधीश श्रेष्ठले नवनियुक्त मुख्य न्यायाधीशहरूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । न्याय परिषद्को यही मङ्सिर ५ गतेको बैठकले छ जनालाई मुख्य न्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको थियो ।

बैठकले उच्च अदालत सुर्खेतको मुख्य न्यायाधीशमा लोहितचन्द्र शाह, उच्च अदालत पोखराको मुख्य न्यायाधीशमा माधवप्रसाद पोखरेल, उच्च अदालत विराटनगरको मुख्य न्यायाधीशमा रमेशप्रसाद भण्डारी, उच्च अदालत जनकपुरको मुख्य न्यायाधीशमा श्रीकान्त पौडेल, उच्च अदालत तुलसीपुरको मुख्य न्यायाधीशमा नित्यानन्द पाण्डे र उच्च अदालत दिपायलको मुख्य न्यायाधीशमा शान्तिसिंह थापालाई सिफारिस गरेको थियो ।

## प्रसाईंले...

निकायको रिर्पोट छ । प्रहरी स्रोतका अनुसार बल्खुमा आयोजित दुर्गा प्रसाईको कार्यक्रममा ९ हजारभन्दा बढी प्रदर्शनकारी सहभागी थिए ।

बिहीबार नै एमाले निकट युवासंघले दुर्गा प्रसाईंको आन्दोलनसँग जुधाउन मंसिर ७ गते नै प्रदर्शन आयोजना गरेको थियो । एमालेको कार्यक्रममा ७ हजार सहभागी भए । कार्यक्रमको सुरक्षा व्यवस्थापनका लागि जिल्लास्तर र काठमाडौं उपत्यकास्तरमा संयुक्त कमान्ड सेन्टर बनाइएको थियो ।

दुर्गा प्रसाईको प्रदर्शनमा केही तनाव समेत भएको थियो । तोडफोड र ढुंगामुढा समेत भयो । प्रहरीले पनि अश्रु ग्याँस प्रहार गरेर भीड तितरवितर पारेको थियो ।

काठमाडौं प्रहरी प्रमुख भुपेन्द्र खत्रीका अनुसार बल्खुमा प्रहरीले १४६ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । त्यसक्रममा ५ राउन्ड रबरका गोली पनि प्रहार भएको छ । झडपका क्रममा प्रदर्शनकारीतर्फ ६ जना र प्रहरीतर्फ २ जना घाइते भएका छन् ।

बिहीबारको प्रदर्शनबाट उत्साहित भएका छन् । उनले अझ आक्रामक भएर अगाडि बढ्ने उद्घोष गरेका छन् ।

## राष्ट्रिय...

हुँदैछ । माओवादी केन्द्रबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरीको कार्यकाल सकिँदै छ ।

एकीकृत समाजवादीका नन्दा चपाइँ र सिंगबहादुर विश्वकर्मा, समाजवादी समर्थित स्वतन्त्र सांसद डा. खिमलाल देवकोटाको पनि कार्यकाल सकिँदै छ । जसपाका प्रमिला कुमारीको पनि कार्यकाल सकिँदै छ । सरकारको सिफारिसमा मनोनित डा. विमला पौड्यालको कार्यकाल पनि सकिँदै छ ।

## गुरुमाथि...

ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराएको थियो । तर काठमाडौं जिल्ला अदालतले भने आक्रमणकारीले टाउकोमा प्रहार नगरेको र ज्यान मार्ने उद्योगभन्दा पनि शरीर अंगभंग गराउने उद्देश्यले आक्रमण गरिएको भनी त्यस अनुसार फैसला गरेको छ । उनीहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १९२ को उपदफा ५ बमोजिमको सजाय सुनाइएको हो ।

फैसलापछि उपप्राध्यापक चलाउनेले भनेका छन्, 'मैले ढिलै भएपनि न्याय पाएको छु । म माथि जुन ढंगले सांघातिक आक्रमण भयो, अरु कसैले यस्तो पीडा भोग्नु नपरोस् ।'

आक्रमणपछि उपप्राध्यापक चलाउने एक महिनाभन्दा बढी अस्पतालमा उपचार गराएर घर फर्किएका थिए ।

२० असोज २०७७ मा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा समाजशास्त्रका उपप्राध्यापक चलाउनेमाथि आक्रमण भएको थियो । नेपाल विद्यार्थी संघको त्रिभुवन विश्वविद्यालय क्याम्पस इकाइका सभापति हरिप्रसाद आचार्य र सचिव योगेन्द्र रावलको नेतृत्वको समूहले उपप्राध्यापक चलाउनेमाथि आक्रमण गरेको थियो ।

सुरुमा ज्यान मार्ने उद्योग गरेको आरोपमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । आरोपितहरु जिल्ला अदालत काठमाडौंको आदेशमा धरौटीमा छुटेका थिए । उनीहरुलाई सामान्य धरौटीमा छाडिएको भन्दै चलाउनेले उच्च अदालत पाटनमा जिल्लाको आदेश बदरको माग राखेका थिए । उच्च अदालत पाटनले पाँच लाख धरौटीमा छाड्न आदेश दिएको हो । अनि पीडितलाई एक लाख रुपैयाँका दरले तत्काल राहत दिन समेत आदेश दिएको थियो ।

ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधिन रहेको अवस्थामा गृहमन्त्रालयको प्रस्तावमा सरकारले आरोपितहरुविरुद्धको मुद्दा फिर्ता लिने निर्णय लिएको थियो । मुद्दा फिर्ता लिने निर्णय विरुद्ध उपप्राध्यापक प्रेम चलाउने सर्वोच्च अदालत गए । सर्वोच्च अदालतले मुद्दा फिर्ता लिने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्नु भनी अन्तरिम आदेश दिएको थियो । अन्तरिम आदेशपछि जिल्ला अदालतले आरोपितहरु विरुद्धको मुद्दा अघि बढाएको थियो ।

## कात्तिकमा...

म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएका छन् । समग्रमा कात्तिकमा १२ हजार ४ सय ८५ जना यूएई गएका छन् । त्यसमा महिला कामदारको संख्या ३ हजार २ सय ६८ रहेको छ ।

कात्तिकमा मलेसिया धेरै कामदार गएको मुलुकको सूचीको दोस्रो नम्बरमा छ । कात्तिकमा ३ हजार ९ सय ७९ जना मलेसिया गएका छन् । साउदी अरेबिया तेस्रो स्थानमा रहेको छ । उक्त मुलुक जान ३ हजार ४ सय ८७ जना, सूचीको चौथो स्थानमा रहेको कतार जान २ हजार १ सय २७ जनाको संस्थागत श्रम स्वीकृति भएको छ । कतारमा होटल क्षेत्रको अकुपेन्सी बढे पनि विश्वकप फुटबलपछि नयाँ रोजगारी सिर्जना हुन नसकेको बताइएको छ ।

खाडी मुलुक कुवेत पाँचौं स्थानमा छ । कात्तिकमा उक्त मुलुकका लागि म्यानपावर कम्पनीमार्फत १ हजार ३ सय ८७ जनाको श्रम स्वीकृति भएको छ । बहराइनका लागि १ सय ६५ जनाको श्रम स्वीकृति भएको छ ।

युरोपेली मुलुक क्रोएसियाका लागि म्यानपावरमार्फत ७० जना र व्यक्तिगत १ हजार ४६ जना, साइप्रसका लागि म्यानपावरमार्फत २ सय ५५ जना, जापानका लागि संस्थागत ९२ र व्यक्तिगत ४ सय ८३ जना तथा जोर्डनका लागि १७ जनाको श्रम स्वीकृति भएको छ । कात्तिकमा माल्टाका लागि म्यानपावर कम्पनीमार्फत १८ जना गएका छन् । मरिससका लागि ३ सय २३ जना, रोमानियाका लागि म्यानपावरमार्फत १ सय ७९ जना, रुसका लागि २७ जना, ओमानका लागि ८० जना तथा मकाउका लागि ४७ जनाको श्रम स्वीकृति भएको छ । क्यानडा, माल्दिभ्स, पोल्याण्ड र बेलायतमा व्यक्तिगत श्रम स्वीकृतिमा गएपनि म्यानपावर कम्पनीले ती मुलुकमा पठाउन श्रम स्वीकृति लिन सकेका छैनन् ।

## सपोर्ट...

कात्तिक महिनामा धेरै कामदार पठाउने म्यानपावरहरु :
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ३८२ जना
वाईड स्पेस इन्टरनेशनल प्रा.लि.- २९५ जना
नील कमल ह्युमन रिसोर्स प्रा.लि.- २८४ जना
बेष्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- २६५ जना
आकर्षण इन्टरनेशनल प्रा.लि.- २५८ जना
एसओस म्यानपावर सर्भिसेज प्रा.लि.- २४३ जना
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- २२७ जना
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- २२३ जना
डिके रिभर ओभरसिज प्रा.लि.- १८६ जना
कतार इन्टरनेशनल म्यानपावर प्रा.लि.- १८५ जना
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट प्रा.लि.- १८३ जना
मनास्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १८२ जना
इण्डो अरब म्यानपावर प्रा.लि.- १७४ जना
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- १७२ जना
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- १७१ जना
एसपीएम ओभरसिज प्रा.लि.- १६४ जना
सान नेपाल प्रा.लि.- १४६ जना
शिखर इन्टरनेशनल ओभरसिज प्रा.लि.- १४३ जना
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- १४१ जना
सागर रिक्रुटमेन्ट प्रा.लि.- १४० जना
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १३६ जना
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- १३१ जना
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १२७ जना
मास ह्युमन रिसोर्स प्रा.लि.- १२७ जना
गल्फ म्यानपावर सर्भिस प्रा.लि.- १२५ जना
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- १२४ जना
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.- ११९ जना
अल जारफा ह्युमन रिसोर्स कन्सल्ट्यान्ट प्रा.लि.- १२२ जना
दि रिभर ओभरसिज प्रा.लि.- ११७ जना
ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.- ११७ जना
इशान इन्टरनेशनल ओभरसिज प्रा.लि.- ११४ जना
वर्ल्ड वाइड इम्प्लाइमेन्ट कन्सल्ट प्रा.लि.- ११३ जना
स्काइ ओभरसिज सर्भिस प्रा.लि.- १०८ जना
ब्रोदर्स इन्टरनेशनल इम्लाइमेन्ट प्रा.लि.- १०८ जना
जब सिकर म्यानपावर प्रा.लि.- १०६ जना
इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १०५ जना
पाल्ही ओभरसिज प्रा.लि.- १०३ जना


**साउदीमा रोजगार** | कम्पनी : EXCELLENCE FOUNDATION FOR TENDERS GEN. CONT. EST
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०८०/०८/०७ | चलानी नं.: ६०२१०३९६ | LT. No.: 295358

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 2300 | ८१,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १५ गते (1 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इ. पत्र नं. ७६७/०६४/०६५

**सेफल्याण्ड ओभरसिज प्रा. लि.**
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445



**Government of Sudur Pashchim Province**
**Ministry of Social Development**
**Province Health Logistic Management Center**
**Dhangadhi, Kailali Nepal**

**Invitation for Electronic Bid**

**Date of publication: 2080/08/08 (Nov 24, 2023)**

1. The Province Health Logistic Management Center Dhangadhi-05, Kailali invites electronic bids from eligible bidders as below; under National competitive bidding – Single Stage Two Envelope procedures specified in public procurement Act & Regulations as:

| IFB no:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/NCB -05/2080-081 | Procurement Supply & Delivery of Medicines for Non Communicable Disease (NCD). | Nrs. 1,10,000/- | 2081/01/11 (Apr 23, 2024) |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

**Acting Director**



**Malikarjun Rural Municipality**
**Office of Rural Municipal Executive**
**Shankarpur, Darchula**

**Invitation For Bids**

**First Date of Publication-2080/08/08**

1. Malikarjun Rural Municipality, Shankarpur, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding Procedures.

| S. No. | Contact ID. | Name of the Project | Estimated Amount (Including VAT) (NRs) | Bid Security Amount (NRs) | Price of Bidding Document (NRs) | Validity period of the bid | Validity Period of Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/ 001-2080/81 | Aadakhan Dewal Road | 103,20,414.74 | 3,00,000/- | 3,000/- | 90 days | 120 days |
| 2. | MRM/NCB/ 008-2080/81 | Swasthya Poshan Maitri Palika Baal Poshan karykram thatha, Yog Aayurbed Prashikshan Kendra | 68,68,199.73 | 2,00,000/- | 3,000/- | 90 days | 120 days |

2. Eligible bidders may obtain further information from Malikarjun Rural Municipality, Office of Rural Municipal Executive, Shankarpur, Darchula or visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO website bidders should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document & Bid Security Amount in Bank:
   **Name of the Bank** - **Machhapuchhre Bank, Malikarjun Branch**
   **Name of the Office** - **Malikarjun Rural Municipality**
   **Office Account No.** - **0890067449600115 (For Bid Document Fee)**
   **Office Account No.** - **0890067449600039 (For Bid Security Amount)**
   **Revenue Code No.** - **14219**
4. Electronic bids must be submitted through PPMO website on or before 12:00 on date 2080/09/08 of notice published at the Malikarjun Rural Municipality and bids shall be opened in the presence of Bidder's representatives who choose to attend on the same date at 13:00 PM.
5. Pre-Bid meeting shall be held on 20th day of bid published at 11:00 PM in the presence of Bidder's representatives who choose to attend at the Office of Malikarjun Rural Municipality.
6. If the last date of purchasing or submission falls on a government holiday, than the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063, and Public Procurement Regulations, 2064 and other prevailing regulations.
8. All the rights as to whether to accept or reject the bids partially or fully without assigning any reason, whatsoever are reserved to the Office of Malikarjun Rural Municipality, Conditional bids are not allowed.

**Chief Administrative Officer**
**Malikarjun Rural Municipality**
**Shankarpur, Darchula**

# सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन निर्देशन

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरूको प्रभावकारिता सम्बन्धमा दुई दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

आयोगले सार्वजनिक नियामक निकायहरू तथा सार्वजनिक संस्थानहरूसँग बुधबार र बिहीबार टंगालमा अन्तरक्रिया सम्पन्न गरेको हो।

कार्यक्रमको पहिलो दिन आयोगका पदाधिकारीहरू र सार्वजनिक नियामक निकायका प्रमुखहरूको समुपस्थितिमा आयोगले दिएका सुझावहरूको कार्यान्वयनबाट भएका उपलब्धिहरू, सेवा प्रवाहमा देखिएका समस्या र समाधानका लागि भएका प्रयासहरूका बारेमा छलफल भएको थियो।



कार्यक्रममा आयोगका तर्फबाट प्रस्तुतीकरण समेत भएको थियो।

कार्यक्रमको दोस्रो दिन आयोगका पदाधिकारीहरू, संस्थान सम्बद्ध विषयगत मन्त्रालयका सचिवहरू र सार्वजनिक संस्थानका प्रमुखहरूको समुपस्थितिमा सेवा प्रवाहमा देखिएका समस्या र समाधानका लागि भएका प्रयासहरूका बारेमा छलफल भएका थियो। कार्यक्रममा आयोग र अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको तर्फबाट छुट्टाछुट्टै प्रस्तुतीकरण भएको थियो।

छलफलपछि सहभागी निकाय तथा संस्थाका प्रमुखहरूलाई प्रमुख आयुक्त र आयुक्तहरूले सार्वजनिक खरिद, सार्वजनिक सेवा प्रवाह, नियमनकारी भूमिकालाई थप प्रभावकारी बनाउँदै लैजान निर्देशन दिएका थिए। यस्तै कानूनको अक्षरशः पालना गर्नुपर्ने, आयोगबाट दिइएका सुझावहरूको गम्भीरतापूर्वक कार्यान्वयन गर्नुपर्ने,संस्थानहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी उत्पादकत्व बृद्धि गर्नेतर्फ लाग्नुपर्ने, विषयगत मन्त्रालयहरूले सहयोग र सहजीकरणको भूमिका निर्वाह गर्नुपर्ने तथा सार्वजनिक निकायहरूले भ्रष्टाचार नियन्त्रण तथा संस्थागत सुशासन प्रवर्द्धन गर्ने कार्य गर्नुपर्ने लगायतका विषयमा आवश्यक सुझाव तथा निर्देशनसहित कार्यक्रम सम्पन्न भएको थियो।

# चार महिनामा साढे १२ अर्बको विद्युत् निर्यात




**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको चार महिनामा रु. १२ अर्ब ५० करोड बराबरको बिजुली भारत निर्यात गरेको छ। प्राधिकरणले सो अवधिमा एक अर्ब ३६ करोड १२ लाख युनिट विद्युत् निर्यात गरी रु. १२ अर्ब ५० करोड ८ लाख बराबरको रकम आर्जन गरेको छ।

विद्युत् निर्यात गत आव २०७९/८० को सोही अवधिको तुलनामा चार अर्ब ८६ करोड ४४ लाखले बढी हो। गत आवको पहिलो चार महिनामा ९८ करोड ३८ लाख युनिट विद्युत् निर्यात गरी सात अर्ब ६३ करोड ६४ लाख आर्जन गरिएको थियो।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यसवर्ष गत २८ जेठबाट भारतीय बजारमा बिक्री शुरु गरेको थियो। गत जेठदेखि कात्तिकसम्ममा एक अर्ब ६२ करोड १६ लाख युनिट विद्युत् निर्यात गरी रु. १४ अर्ब ५० करोड २१ लाख आर्जन भएको छ।

प्राधिकरणले साउनमा दुई अर्ब १४ करोड ७६ लाख, भदौमा तीन अर्ब ४७ करोड ८५ लाख, असोजमा चार अर्ब १७ करोड ७७ लाख र कात्तिकमा रु दुई अर्ब ६९ करोड ७० लाख बराबरको विद्युत् निर्यात गरेको छ। चार महिनाको समग्र औसत विद्युत् बिक्री दरप्रति युनिट नौ १८ पैसा छ। गत वर्ष सोही अवधिको समग्र औसत बिक्री दर प्रति युनिट सात ७ रुपैयाँ ७६ पैसा थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चार महिनाको अवधिमा विद्युत् निर्यातबाट सात अर्ब ८४ करोड ८० लाख भारतीय रुपैयाँ आर्जन भएकाले यसबाट देशको विदेशी मुद्रा सञ्चिति र नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको बताए।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौता बमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमलाई बिक्री गरिरहेको छ। एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै पाँच सय २२ मेगावाटमध्ये पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी छ सय ३२ मेगावाट विद्युत निर्यातका लागि स्वीकृति पाएको छ। यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ।

# नेपाल र भारतबीच सैन्य अभ्यास



**काठमाडौं/मस–** भारत पिथौरागढमा नेपाल र भारतबीच आजदेखि सैन्य अभ्यास हुने भएको छ। नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास 'सूर्यकिरण'को १७औं संस्करणमा सहभागी हुन नेपाली सेनाका प्रमुख सेनानी सुवास केसीको नेतृत्वमा तीन सय ५४ सदस्यीय फौज बुधबार त्यसतर्फ प्रस्थान गरेको थियो।

हरेक वर्ष नेपाल र भारतबीच सैन्य अभ्यास हुँदै आएको छ। गत पुसमा रुपन्देहीको सालझण्डीमा उक्त अभ्यास भएको थियो। यही मङ्सिर २१ गतेसम्म सञ्चालन हुने उक्त अभ्यासअन्तर्गत विपद् व्यवस्थापन, प्रतिविद्रोह तथा प्रतिआतंकवादलगायत जंगल युद्धकलासम्बन्धी व्यावहारिक ज्ञान दिइने छ।

# रास्वपाले दुई स्थानमा सभा गर्ने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टीले रौतहटका दुई स्थानमा सभा गर्ने भएको छ। मंसिर ९ गते चन्द्रपुर र गौरमा भेटघाट तथा सभा गर्ने भएको हो। चन्द्रपुर नगर सभापति उदय सापकोटा (सुरेन) का अनुसार गौरको राईस मिलमा र चन्द्रपुरको सन्तपुरको मेला लाग्ने चौरमा खुल्ला सभा हुनेछ। शनिबार बिहान ११ बजे गौरमा भेटघाट तथा भेला र सोही दिन दिउँसो १ बजे चन्द्रपुरमा खुल्ला सभा गर्ने तयारी थालिएको उनले बताए। राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सभापति रवि लामिछाने, सोविता गौतम, मनिष झा, अशोक चौधरी लगायतका केन्द्रीय नेताहरू रौतहट आउने तय भएको राष्ट्रिय स्वतन्त्र पार्टी मधेस प्रदेश प्रवक्ता रंजित रामले बताए।

# डोल्पामा नियमित हवाई र सडक यातायात सञ्चालन गरिने



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ७ मंसिर

जिल्ला प्रशासन कार्यालय डोल्पाको सभाहलमा बिहीबार बसेको सर्वदलिय सर्वपक्षिय बैठकले जुफाल विमानस्थलमा हवाई टिकट वितरणमा भइरहेको बेथितीलाई ब्यवस्थित गर्नुपर्नेमा जोड दिएको छ।

ठूलिभेरी नगरपालिकाका नगरप्रमुख श्ववर्ण बुढाको समन्वयमा प्रमुख जिल्ला अधिकारी तुलसी प्रसाद दाहालको अध्यक्षतामा सर्वपक्षिय सर्वदलिय बैठक सम्पन्न भएको हो।

डोल्पाको जुफाल विमानस्थलमा हवाई टिकट वितरण गर्दा एयरलाइन्सहरुले विहान ६ बजेदेखि दिउँसो २ बजेसम्म टिकट काउन्टरमा बसि हवाई सिट संख्याको आधारमा टिकट वितरण गर्नुपर्ने, सरकारी तथा निजी एयरलाइन्सले प्रत्येक उडानमा दुई वटा सरकारी सिट छुट्याउनु पर्ने र सरकारी स्वमित्वको नेपाल एयरलाइन्सले हप्ताभर हुने उडानको एकमुष्ट समय तालिका सार्वजनिक गर्नुपर्ने निर्णय बैठकले गरेको छ।

त्यस्तै गरी विमानस्थलको ट्रमिनल भवनसम्म सडक नपुगेकाले यात्रुहरुलाई लगेज तथा सामानहरु ओसार्न सास्ती ब्यहोर्नु परेकोले ट्रमिनल भवनसम्म जीप सेवा सञ्चालन गर्ने गरी नगरले समन्वयकारी भूमिका खेल्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी दाहालले बताए।

जुफाल विमानस्थलमा हवाई टिकटमा सम्बन्धित एयरलाइन्सका कर्मचारीको सिण्डीकेटका कारण नागरिकको पहुँच हवाई टिकटसम्म नपुगिरहेको अवस्थामा सर्वदलिय सर्वपक्षिय बैठकले गरेको निर्णय कार्यान्वयनमा आए सर्वसाधारणमा राहत पुग्ने छ। साथै बिहीबार बसेको सर्वपक्षीय बैठकमा जिल्ला भित्र सञ्चालन रहेका यातायातको भाडादरको विषयमा छलफल गरिएको छ। भाडादरको हिसाबमा जिल्ला भित्र सानो जीपमा प्रतिकिलो मिटर २७ रुपैयाँका दरले लिने पहिलाको निर्णय नै लागू हुने निर्णय समेत गरिएको छ।

यातायात व्यवसायीहरुले तोकेको समयमा गाडी छुटाउनु पर्ने,तोकेको भन्दा महंगो भाडा नलिने, जिल्लामा सञ्चालित सार्वजनिक यातायात व्यवसायीहरुले मंसिर महिनाभित्रमा यात्रुमैत्री सुरक्षित र भरपर्दो बनाउन ब्लुबुक नवीकरण, जाँचपाँच नवीकरण, रुटपरमिट नवीकरण, यात्रु बीमा जस्ता सबै मापदण्ड पूरा गर्ने, सम्पूर्ण यातायात व्यवसायीहरुले जीपभित्र सिट क्षमता अनुसार मात्र यात्रु राख्ने, यात्रुहरुको टिकट अनिवार्य रूपमा लागू गर्ने जस्ता निर्णय गरेको छ।

सर्वदलिय बैठकमा नेपाल नागरिक उड्यान प्राधिकरणका उपप्रबन्धक कृष्ण रिजाल, जिल्ला समन्वय समितिका प्रमुख श्याम रोकाय, नेपाली कांग्रेसका कार्यवाहक पार्टी सभापति पूर्ण शाही, गौरीशंकर उपाध्याय, नेकपा माओवादी केन्द्रका कमलबहादुर शाही, एकीकृत समाजवादीका जिल्ला सचिव युवराज थकाली, नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढा, सुमिट एयरलाइन्स डोल्पाका स्टेसन म्यानेजर पूर्ण जंग, तारा एयरलाइन्सका स्टेसन म्यानेजर, नेपाल वायुसेवा निगमका प्रमुख, जिल्लास्थित यातायात समितिका पदाधिकारी लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो।

# अवैधरूपमा विदेशी विनिमय कारोबार गर्ने एक पक्राउ

**काठमाडौं/मस–** हुण्डी, अनलाईन गेम्बलिङ, क्रिप्टो तथा अवैध रूपमा विदेशी विनिमय कारोबार गरेको अभियोगमा काठमाडौं महानगरपालिका–२८ बागबजार बस्ने ४८ वर्षीय रूपेश श्रेष्ठ बुधबार दिउँसो पक्राउ परेका छन्। काठमाडौंका विभिन्न स्थानमा केही व्यक्तिले आपराधिक समूह बनाई नेपाल राष्ट्र बैंकबाट अनुमति नलिई अवैध रूपमा हुण्डी कारोबार गरेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न श्रेष्ठलाई पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

श्रेष्ठले नेपाल राष्ट्र बैंकसँग इजाजतपत्र नलिई विद्युतीय माध्यम क्यासएप जस्ता मोबाइल एप्स प्रयोग गरी हुण्डी, अनलाइन गेम्बलिङ, क्रिप्टो तथा अवैध रूपमा विदेशी विनिमय कारोबार गरेको खुल्न आएको छ। साथै उनको घरबाट रु ८९ लाख ६९ हजार नेपाली, अमेरिकी डलर सात हजार २६, ल्यापटप ३ थान, सिपियु छ थान, टेलर मेसिन एक थान, सिसिटिभि एनभिआर एक थान, मोबाइल आठ थान, राहदानी दुई थान, नागरिकता एक थान र विभिन्न मिति तथा व्यक्तिको नाममा काटिएका बैंक चेक ६४ थान बरामद भएको छ।

**बोगटान फुड्सिल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चवराचौतारा, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**औषधी तथा औषधीजन्य सामान सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकासित मितिः २०८०/०८/०८**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने अति आवश्यक औषधीहरुको आपूर्ति गर्नुपर्ने भएकाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन (मिति २०८०/०८/२३ गते दिउसो १२ बजे भित्रमा शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि.न. | विवरण | लागत अनुमान | धरौटी रु. | शिलबन्दी दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | औषधी जन्य सामान | रु ३०,७४,०००/ | १,५३,७००/ | १,०००/ | मु.अ. कर सहित |

१. **शिलबन्दी दरभाउ खरिद दस्तुर बुझाउने विवरणः**
   **क. बैंकको नामः** ग्लोबल आइएमई बैंक, बोगटान शाखा
   **ख. कार्यालयको नामः** बोगटान फुड्सिल गा.पा. कार्यालय, डोटी
२. **शिलबन्दी दरभाउ पेश गर्ने कार्यालयः**
   क. बोगटान फुड्सिल गा.पा. कार्यालय डोटी
३. **शिलबन्दी दरभाउ पत्र खोल्ने समय मितिः** २०८०/०८/२४ गते कार्यालय समयमा, बिदा पर्न गएमा दास्रो दिन
४. **कार्यालय राजस्व खाता नं.:** १३३००००००७
५. **धरौटी खाता नं.:** १३३०४००००००४

**प्रमुख प्रशासकिय अधिकृत**

**Vacancy Annoucement**

A Reputed and Pioneer in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:

Receptionist: 1 (Female)
Should have experience in Manpower Field known the computer skill and typing.
Public Relation Officer: 1 (Male/Female)
Minimum 2 Years of experience in Manpower Field of Saudi.

Send the cv at workforcegaurav@gmail.com

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4569913/4569915. Mobile: 9802010315
Website: www.workforce.com.np

**Vacancy Annoucement**

A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business. We Are Looking for the Following Positions:

Business Development Manager: 2 (Male/Female)
Should have experience in Related Field known the computer skill and typing.
Documentation: 2 (Male/Female)
Have knowledge of dofe system Pree approval final approval document scanning photoshop and maintaining excel sheet.
Receptionist: 2 (Female)
Should have experience in Manpower Field known the computer skill and typing.

Send the cv on E-mail: officelangtang@gmail.com

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No. 1643/080/081
Basundhara-03, Kathmandu Nepal
+977 1 4971229 | 9851161229

**Vacancy Annoucement**

A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business. We Are Looking for the Following Positions:

Receptionist: 2 (Male/ Female)
Should have experience in Manpower Field known the computer skill and typing.
Public Relation Officer: 2 (Male/Female)
Related same field and should have knowledge of UAE and Saudi Arab countries.
Documentation: 2 (Male/Female)
Have knowledge of dofe system Pree approval final approval document scanning photoshop and maintaining excel sheet.

Send the cv on E-mail: info@niwidaconcern.com

**NIWIDA CONCERN PVT. LTD.**
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu
Mob: 9813037748 | 9841838301



मध्यान्ह
www.madhyanhadaily.com
८ मंसिर २०८०, शुक्रबार
24 November 2023, Friday

## सम्पादकीय

# कोर्श करेक्सनको खाँचो

बहुप्रचारित ७ मंसिरमा नेकपा एमाले र दुर्गा प्रसाईँ समूहले अलग–अलग प्रदर्शन गऱ्यो । एमालेका युवा–विद्यार्थीले राजधानीको तिनकुने र बल्खुमा प्रसाईँ समूहले प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा सामान्य झडप हुँदा केही घाइते भए । तिनकुनेतर्फ जाँदै गरेको एमाले कार्यकर्ता र प्रसाईँका समर्थकहरूबीच ढुंगा हानाहान भएको थियो । यो मुठभेड सजिलै प्रहरीले नियन्त्रणमा लियो । निषेधित क्षेत्र तोड्न खोजेपछि प्रसाईँका समर्थकहरूमाथि प्रहरीले अश्रुग्याँस र पानीको फोहरा हान्दा केही घाइते भए । यसबाहेक आ–आफ्नो दाबी र आरोप–प्रत्यारोप गरेर प्रदर्शन सकियो । एमालेले व्यवस्था जोगाउने शक्तिका रूपमा आफ्नो आन्दोलनलाई निरन्तरता दिने भनेको छ भने प्रसाईँले राजतन्त्र फर्काएर मात्रै बिसाउने घोषणा गरेको छ । यी दुई समूहको प्रदर्शनका कारण राजधानी उपत्यका बिहीबार दिनभर सुनसान बन्यो ।

सुरक्षा निकायले दिएको जानकारी अनुसार, दुवैतिर गरी १५ हजार जति प्रदर्शनमा उत्रिएका थिए । तर यही उपस्थितिलाई लिएर सामाजिक सञ्जाल, सरकार र राजनीतिक नेतृत्वले चर्को बहस गरिरहेका छन् । विशेषगरी दुर्गा प्रसाईँले उतारेको जनप्रदर्शनबारे अनेक आँकलन भइरहेको छ । प्रसाईँले जनविद्रोह भनेको प्रदर्शनमा हिन्दूवादी समूह, राप्रपाका कार्यकर्ता र वित्तिय संस्थाको चर्को ब्याजमा परेकाहरू आएको बताइएको छ । त्यही उपस्थितिलाई लिएर प्रसाईँ उत्साहित देखिन्छन् । त्यसैले उनी निरन्तर प्रदर्शन गर्ने बताइरहेका छन् । सरकारले पनि उनको गतिविधिलाई चासोका साथ हेरेको देखिन्छ । त्यसैअनुसार भएको सरकारी निर्णयले राजधानी उपत्यकाको दिनचर्या बिहीबार प्रभावित बनेको थियो ।

एक हिसाबले भन्दा प्रसाईँ समूहको प्रदर्शनबाट सरकार र प्रमुख प्रतिपक्ष दल हच्किएको छ । उनीहरूले व्यवस्था उल्टिन नदिने भनेर राजनीतिक कार्यक्रम गर्नेदेखि सरकारी निर्णय लिइरहेका छन् । तर कतिपयले यसलाई सरकारको उल्टो बाटो भनेका छन् । उनीहरूको तर्कमा बलियो आधार पनि देखिन्छ । जस्तो कि प्रसाईँको आन्दोलनमा वित्तीय संस्थाको चर्को ब्याजमा परेकाहरू धेरै छन् । उनीहरूले यसअघि पनि धेरैपटक आन्दोलन गर्दै आएका थिए । तर सरकारले चित्तबुझ्दो निर्णय गर्न नसक्दा फेरि व्यवस्थाविरूद्ध भनिएकै आन्दोलनमा आएका छन् । यसको अर्थ प्रसाईँ समूहलाई नागरिक असन्तुष्टिले मलजल गरिरहेका छन् । यदि अहिलेकै व्यवस्था जोगाउने हो भने सरकार र राजनीतिक नेतृत्वले यसतर्फ सोच्न जरूरी छ । कुनै व्यवस्थाप्रति गरिने चिन्ता वा लहरले मात्रै पुग्दैन ।

# सामाजिक सञ्जालमाथि नियमनको सवाल

अग्रलेख



● नरेन्द्र केसी

**सन्दर्भ १ :**

सुनसरीको धरानमा गोरु काटेर सामूहिक भोज गरेको भिडियो टिकटकमार्फत सार्वजनिक भएपछि सामाजिक सद्भाव खल्बलिने घटना भई निषेधाज्ञा लगाउनुपर्ने अवस्था बन्यो । केही हिन्दू धर्म गुरुले गाई काट्ने व्यक्तिहरुको हत्या गरेमा आफूले जिम्मा लिने सम्मको विवादास्पद अभिव्यक्ति दिए । जुन अभिव्यक्ति पनि सञ्जालमा भाइरल बन्यो । त्यस्ता व्यक्तिलाई प्रहरीले पक्राउ गरेर कागज गराई छाडेको थियो ।

नेपालगञ्जमा पनि मुस्लिम समुदायको भावनामा ठेस पुग्ने सामग्रीसहितका भिडियो पोष्ट भएपछि सामाजिक सद्भाव खल्बलिन गई निषेधाज्ञासम्मको घटना हुन पुग्यो ।

**सन्दर्भ २ :**

२०७९ साल माघ महिनामा पोखरा महानगरपालिका-१४, मनकामना टोल बस्ने आठ वर्षीया बालिकाको घरको छतमा बसेर टिकटक बनाउने क्रममा अचानक लड्न गई मृत्यु भयो । त्यस्तै, २०७९ साल पुस महिनामा टिकटकमा भिडियो बनाउने क्रममा बबई नदीको झोलुङ्गेपुलबाट खसेर गम्भीर घाइते भएका दाङ तुलसीपुर उपमहानगरपालिका- १९, बिजौरी निवासी एक २४ वर्षीय पुरुषको उपचारका क्रममा मृत्यु भयो ।

गत वैशाखमा धरानबाट ओखलढुङ्गा जाँदै गरेका धरान-५ का १८ वर्षीय एक युवकको उदयपुर कटारी नगरपालिका-११, हर्देनी भीरमा टिकटक बनाउने क्रममा लडेर मृत्यु भयो । गत जेठमा उदयपुरमा सलको पासो लगाई टिकटक भिडियो बनाउने क्रममा एक ११ वर्षीया बालिकाको झुण्डिएर मृत्यु भएको भयो । केही दिनअघि मात्रै तनहुँमा टिकटक भिडियो बनाउने क्रममा चिप्लिएर एक १९ वर्षीया युवती सेती नदीमा खसेकी थिइन् ।

उल्लेखित सन्दर्भ, नेपालमा सामाजिक सञ्जाल टिकटकको गलत प्रयोगका कारण भएका केही प्रतिनिधिमूलक घटनासँग सम्बन्धित छन् । यी घटनाबाट बुझ्न सकिन्छ, क्षणिक रमाइलोका नाममा टिकटकको प्रयोग यति विकृत बन्दै गइरहेको थियो कि हरेक घरपरिवार, समाज र देशकै लागि यो ठूलो चुनौतीका रूपमा सिर्जना भइरहेको थियो ।

सम्भवतः यही अवस्थालाई दृष्टिगत गरी गत कात्तिक २७ गते बसेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने निर्णय गऱ्यो । यो निर्णयपछि जनस्तरदेखि अदालतसम्म नेपालमा सामाजिक सञ्जाल प्रयोगको सवालमा बहस चलिरहेको छ । जनस्तरमा ठूलो पंक्तिले यो निर्णयको समर्थन गरेको छ भने केही र खासगरी 'डिजिटल राइट्स'को क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरुले यसबाट प्रविधि प्रयोगमा संकुचन आउने भन्दै चिन्ता पनि व्यक्त गरिरहेका छन् ।

टिककटमाथिको प्रतिबन्ध एउटा घटना हो, यो घटनापछि सिर्जना भएको बहसलाई तार्किक निष्कर्षमा पुऱ्याउन सक्ने हो भने निश्चय नै नेपाललाई फाइदै हुनेछ । तर, यो बहसको केन्द्रमा भने हामीले नेपाली समाज कस्तो बनाउने ? भन्ने विषयलाई नै अघि बढाउनुपर्छ । सामाजिक सञ्जालको प्रयोगबाट नकारात्मक परिणाम मात्रै आएका छैनन्, पहुँचविहीन समुदायको सशक्तीकरणदेखि धेरै क्षेत्रमा यसको राम्रो प्रभाव छ । राम्रो प्रभावलाई अझै बढाउँदै यसबाट सिर्जना हुन थालेका डरलाग्दा असरलाई न्यूनीकरण गर्नका लागि कुनै न कुनै विन्दुमा आएर सार्थक बहस छेडिन जरुरी थियो ।

सरकारले टिकटकमाथि प्रतिबन्ध लगाउँदा प्रष्टरूपमा 'सामाजिक सद्भाव एवम् सामाजिक वातावरणमा नकारात्मक असर परिरहेको' तथ्यलाई उल्लेख गरेको छ भने नेपालमा टिकटकको प्रयोगमा 'तत्काल रोक लगाउने' भनेको छ । यसबाट सामाजिक सद्भावविरुद्धका कुनै पनि गतिविधिसँग सम्झौता गर्न सकिँदैन भन्ने सरकारको प्रस्ट मान्यता रहेको देखिन्छ । त्यसका लागि के गर्ने त ? त्यसका लागि अहिले चलिरहेका सामाजिक सञ्जालको नियमन गर्ने नै हो । नियमन भनेको नियमभित्र ल्याउने हो र कुनै प्लेटफर्मलाई त्यसरी नियमभित्र ल्याएर सञ्चालन गर्न सकिएन भने आंशिक वा पूर्णरूपमा बन्द लगाउन पनि सकिन्छ, यो संसारभरि अहिले चलिरहेका अभ्यास हो ।

सरकारले अन्य सामाजिक सञ्जाल प्लेटफर्मले कम्युनिटी गाइडलाइनविरुद्धका सामग्री हटाउने गरे पनि टिकटकले रियलटाइमका सामग्री हटाउन नसकेको बरु लाइभ भिडियोहरु रेकर्ड गरी अन्य सामाजिक सञ्जालमा समेत शेयर गर्ने बढेकाले टिकटकको नियमन सम्भव नभई प्रयोगमा नै रोक लगाउनु परेको प्रष्टीकरण दिएको छ । त्यसो त टिकटकले अन्य सामाजिक सञ्जाल प्लेटमर्फमले आपसी समझदारीमा जारी गरेको सान्टाक्लारा सिद्धान्त अनुमोदन नगरेको पनि सरकारको भनाइ छ ।




*आफू फरक देखिने नाममा अङ्ग प्रदर्शनदेखि जस्ता पनि क्रियाकलाप गर्ने जुन अवस्था सामाजिक सञ्जालमा देखिन थालेको छ, यो पक्कै पनि नेपाली समाजका लागि घातक र खतरनाक घटना हो । यसको बेलैमा नियन्त्रण गर्नेतिर राज्यले मात्र होइन, हरेक व्यक्ति र समाजले सोच्नैपर्छ ।*

सान्टाक्लारा सिद्धान्तअनुसार सामाजिक सञ्जाल प्लेटफर्म स्वयम्ले प्रयोगकर्ताको मानवअधिकार र कानुनसम्मत प्रक्रिया सुनिश्चित गर्ने, प्रयोगकर्ताले बुझ्न सक्ने नीति नियमहरु बनाउने, सबै राजनैतिक सामाजिक वा सांस्कृतिक परिस्थितिमा समानरूपले लागू हुन सक्ने, राज्यका नीतिनियम वा कानुनका कारण विषयवस्तु परिमार्जन हुन सक्ने र सत्यतथ्य जाँचेर गलत वा भ्रामक विषयवस्तु हटाउनेमा ध्यान दिनुपर्छ ।

हरेक देशका आ-आफ्नै अनुकूलताका कानुन हुन्छन् । हरेक देशले आफ्नो समाजको चरित्रअनुसार कानुन बनाएका हुन्छन् । नेपालको कानुन निर्माणको आधार पनि नेपाली समाजको स्वरूप र चरित्र नै हो । नेपाल समाज पूर्वीय दर्शनमा आधारित छ । यसले व्यक्तिको स्वतन्त्रतालाई स्वीकार त गर्छ तर पारिवारिक एकता र सामाजिक सद्भावभन्दा बाहिर गएर व्यक्तिको स्वतन्त्रता (अझ स्वच्छन्दता)लाई स्वीकार गर्दैन । पश्चिमा मुलुकहरुमा 'मभित्र हामी' खोजिन्छ भने पूर्वीय सभ्यतामा 'हामीभित्र म' खोजिन्छ । भन्नुको अर्थ पश्चिमाहरुले हर व्यक्तिको व्यक्तिगत स्वतन्त्रताबाट समाज स्वतन्त्र बन्दै जान्छ भन्ने दर्शनलाई महत्व दिन्छन् भने हामी पूर्वीय सभ्यतामा परिवार, समुदाय र समाजको सामूहिक अभ्यासबाट हरेक व्यक्तिको स्वतन्त्रता र समानताको अभ्यास गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छौं ।

यो कोणबाट हेर्ने हो भने पछिल्लो समयमा नेपाली समाजभित्र असामाजिक क्रियाकलाप जसरी बढ्न खोजिरहेका छन्, यसको अभ्यास गर्ने माध्यम सामाजिक सञ्जाल बनिरहेका छन् । यसरी नै अघि बढ्ने हो भने परिवार परिवारजस्ता नहुने हुन् कि भन्ने चिन्ता बढ्दैछ ।

हाम्रा संविधान, ऐन, कानुनहरु धेरै पछि मात्रै बनेका हुन् । संवैधानिक इतिहास हेर्ने हो भने विसं २००४ बाट मात्रै सुरु भएको देखिन्छ भने कानुनी अभ्यास विसं १९१० देखि भएको देखिन्छ । त्योभन्दा अगाडि समाज कसरी चलेको थियो त ? जवाफ प्रस्ट छ- सामाजिक मूल्यमान्यताका आधारमा समाज चलेको थियो ।

अहिले पनि लेखिएका केही थान संविधान र कानुनलाई छाड्ने हो भने समाजको अधिकांश प्रक्रिया सामाजिक मूल्यमान्यताकै आधारमा चलेको छ । जन्मदेखि मरिसकेपछि गरिने रीतिरिवाज र चालचलन हाम्रा अलिखित कानुन हुन् । त्यसैले हाम्रो संविधान र कानुनमा लेखिएको छैन वा पश्चिमा जगतमा अभ्यास छैन भनेर मात्रै पनि हाम्रा खासखास सामाजिक मूल्य मान्यतामाथिको अतिक्रमणलाई सहनुपर्छ भन्ने हुँदैन । यहाँ टिकटक वा अन्य अमूक प्लेटफर्मको मात्रै सवाल होइन, हामीले नेपालमा सामाजिक सञ्जाल प्रयोगको अवस्था हेऱ्यौं भने किरियापुत्रीहरु नाचेको दृश्य देख्न सकिन्छ । कसैको घर जलिरहेको हुन्छ वा कोही सवारी दुर्घटनामा परेर चित्कार गरिरहेको हुन्छ तर हामीले ती घटनामा उद्धार गर्न छाडेर भिडियो बनाइरहेका हुन्छौं र क्षणभरमै भाइरल बनाइदिन्छौं ।

आफू फरक देखिने नाममा अङ्ग प्रदर्शनदेखि जस्ता पनि क्रियाकलाप गर्ने जुन अवस्था सामाजिक सञ्जालमा देखिन थालेको छ, यो पक्कै पनि नेपाली समाजका लागि घातक र खतरनाक सङ्केत हो । यसको बेलैमा नियन्त्रण गर्नेतिर राज्यले मात्र होइन, हरेक व्यक्ति र समाजले सोच्नैपर्छ । सामाजिक सञ्जालका कारण बालबालिका तथा युवायुवतीलाई गलत दिशातिर डोऱ्याउँदै विषाक्त मनोविज्ञानको सिर्जना भइरहेको छ । सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्ने लतमा बालबालिका र युवायुवती परिवार, खेलकुद, सिकाइपढाइ जस्ता जीवनका महत्वपूर्ण पक्षमा बेवास्ता गर्ने क्रम बढिरहेको छ ।

सामाजिक सञ्जाल प्रयोगको लत बसेर महत्वपूर्ण समय यसको प्रयोगमा बिताउँदा उत्पादकत्व वृद्धिमा समेत असर पुग्ने गरेको पाइएको छ भने आत्महत्या, गाली बेइज्जत, दुर्घटना, पारिवारिक बिखण्डनजस्ता समाजलाई नकारात्मक असर पुग्ने घटना बढिरहेका छन् । टिकटकमा अश्लील भिडियो सार्वजनिक तथा लाइभमा अनैतिक क्रियाकलापका लागि मोलमोलाइ, अश्लील गतिविधि, जुवातास खेलाउने, गैरकानुनी विज्ञापन प्रसारण लगायतका गतिविधि बढिरहेको अवस्था छ भने टिकटक लाइभ स्ट्रिमिङ गरी उपहार प्राप्त गर्न अनैतिक, अमर्यादित र असामाजिक गतिविधि बढ्दै गएको छ । यौन दुर्व्यवहारलगायत साइबर बुलिङका घटना पनि बढ्दै गएका छन् । यसले परिवार सदस्यका बीचमा भौतिक भेटघाट र सरसल्लाह नहुने, पारिवारिक तथा भावानात्मक एकतामा कमी हुँदै गएको हरेक घरपरिवारका सदस्यले महसुस गर्ने अवस्था बनेको छ ।

समग्रमा हाम्रो संस्कार, संस्कृति, प्रथा, प्रचलन, मूल्य, मान्यता तथा सामाजिक सद्भावविरुद्ध नकारात्मक प्रभावलाई बढावा हाम्रो पूर्वीय सभ्यतामाथि नै चुनौती थप्दै लैजाने कुरा सही हुन सक्दैन । फेरि प्रश्न उठ्न सक्छ- यो सबै काम टिकटकले मात्रै गरेको हो त ? सकारात्मकभन्दा नकारात्मक असर बढी देखिएको निष्कर्षमा पुगेर सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको स्पष्ट गरिसकेको छ, यसको अर्थ अन्य सामाजिक सञ्जालको प्रयोग सुरक्षित छ भन्ने होइन । त्यसो त टिकटकको प्रतिबन्धले एउटा सन्देश पक्कै गएको छ कि कुनै पनि सामाजिक सञ्जालको प्रयोगले पारिवारिक एकता र सामाजिक सद्भाव बिगारेको खण्डमा त्यो नेपालमा स्वीकार्य हुने छैन ।

त्यसैले अहिलेसम्मको अभ्यासबाट पाठ सिक्दै नेपालमा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाउन सरकारले कानुन निर्माणको प्रक्रियालाई पनि तीव्ररूपमा अघि बढाएको छ । यस क्रममा सामाजिक प्रयोगको व्यवस्थित गर्ने निर्देशिका २०८० जारी भई कार्यान्वयनको तयारीमा रहेको छ भने यससम्बन्धी ऐन मस्यौदाको प्रक्रिया अन्तिम चरणमा छ । निर्देशिकाले नियमनभन्दा स्वनियमन र सचेतनामा जोड दिएको छ । हरेक प्रयोगकर्ता र प्लेटफर्महरुले स्वनियमन गरेको खण्डमा राज्यले नियमन गर्नु पनि पर्दैन र कानुनको आवश्यकता नै पर्दैन । त्यसो त प्रविधिको विकास र आम मानिसको चाहना बदलिँदै जाँदा त्यसलाई व्यवस्थित गर्ने कानुन त चाहिन्छ नै, त्योभन्दा पनि बढी सामाजिक मर्यादालाई केन्द्रमा राखेर गरिने सामाजिक व्यवहार नै हाम्रा समाज व्यवस्थापनका महत्वपूर्ण आधार हुन् । सरकारबाट गरिएका निर्णय, बनेका वा बन्ने कानुनहरुको उद्देश्य नेपाली मौलिकतासहितको पारिवारिक एकता र सामाजिक सद्भावसहितको समाज हो, त्यसका लागि हामी सबै प्रतिबद्ध बनौं । अहिले चलिरहेको सामाजिक सञ्जाल नियमनको बहसमा पनि सुन्दर, सभ्य र नेपालीपनसहितको समाजलाई केन्द्रमा राखौं ।

**(लेखक सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चारविज्ञ हुन् ।)**

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

जनअपेक्षित डेलिभरी भएन । राजनीति/राज्यप्रतिको जनविश्वास ओरालोमा छ । विभिन्न कोण/माध्यमबाट जनआक्रोश प्रकट हुँदैछ । संविधान/व्यवस्थाका संरचनात्मक समस्या कति ? राज्य सञ्चालन गर्ने पात्रका नियत/क्षमताको समस्या कति ? इमानदार समिक्षा होस् । सरकारका प्रतिक्रियात्मक कदम प्रत्युत्पादक बन्दैछन् ।



**- विनोद न्यौपाने**

